# पाख्रीवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पाख्रीवास, धनकुटा
# १ नं. प्रदेश,नेपाल

# शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०१।१२

यस कार्यलयबाट तपसिल बमोजिमको कार्य ठेक्काबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य निर्माण व्यवसायीबाट निम्न सर्तहरूको अधीनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र नवीकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.ब.२०७३।०७४ को कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिका साथै निवेदन साथ बोलपत्र दस्तुर वापत रू.३०००।०। (फिर्ता नहुने गरी) तिरेको नगदी रसिद पेश गरी यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ ।

२. बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा सर्त नं. १ मा उल्लेखित सम्पूर्ण कागजातहरू र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा संलग्न राख्नुपर्ने छ ।

३. खरिद भएका बोलपत्रहरू स्पष्टसँग भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी लाहाछाप लगाई खामबाहिर यस कार्यालयलाई सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना प्रष्ट लेखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेभित्र नगर कार्यपालिकाको कार्यालय, पाख्रीवासमा दर्ता गराउनु पर्ने छ । प्राप्त बोलपत्रहरू सोही दिन दिनको २:०० बजे नगर कार्यापालिकाको कार्यालय, धनकुटामा जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि एंव बोलपत्रदाताहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदाको लगत्तै पछि कार्यालय खोलेको दिन सोही समयमा हुने छ ।

५. बोलपत्रसाथ जमनत वापतको तल उल्लेखित रकम यस कार्यालयको एन.आई.सि.एसिया बैंक लिमिटेड, हिले, धनकुटामा रहेको ८८CA५०२६४७५२४००३ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत पेश गर्नु पर्ने छ ।

६. बोलपत्रदाताले बोलपत्रमा मुल्य अभिवृद्धि कर वाहेकको दररेट उल्लेख गर्नु पर्ने छ ।

७. टेक्निकल स्पेशिफिकेसनमा उल्लेख भएको मापदण्ड अनुसार काम सम्पन्न गरी यस कार्यालयलाई बुझाउने गरि प्रत्येक आइटमको दररेट छुट्टछुट्टै अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

८. बोलपत्र दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरी पेश गर्नु पर्ने छ ।

९. म्याद नाघी आएको, रित नपुगेको र सर्त राखिएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. बोलपत्र स्वीकृत भए पछि ठेक्का सम्झौता गर्दा बोलपत्रदाताले प्रचलित कानुन बमोजिम तोकिएको जमानत रकम यस कार्यालयको एन.आई.सि.एसिया बैंक लिमिटेड, हिले, धनकुटामा रहेको ८८CA५०२६४७५२४००३ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा घटीमा १३ महिना म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक जमानत( Performance security ) पेश गर्नु पर्ने छ ।

११. ठेकेदारले निर्माण सामाग्रीको गुणस्तर स्वीकृत गराइ काममा प्रयोग गर्नु पर्ने छ । साथै गुणस्तर सम्बन्धी परिक्षण खर्च ठेकेदार संयमले वेहोर्नु पर्ने छ ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम हुनेछ ।

१३. बोलपत्रदाताबाट पेश भएको बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. यस सम्बन्धी अन्य थप कुराहरू बुझ्नुपरेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

बोलपत्रको विवरण

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण तथा निर्माणस्थल | लागत अनुमान ( मु.अ.कर बाहेक) | जमानत रकम |
|---|---|---|---|---|
| | पाख्रीवास नगरपालिका २०७४।०७५।०१ | शनिवारे हटिया पसल कबल निर्माण ( नगर स्तरीय योजना ) | २३७६१८३।२९ | ७१०००।०० |